## मिति २०८३ असोज २७ गते प्रमुख जिल्ला अधिकारी श्री मोतीराम सापकोटाको अध्यक्षतामा बसेको जिल्ला विपद व्यवस्थापन समितिको बैठकका निर्णयहरु

**एजेण्डा/प्रस्तावहरु**

१. समीक्षा।
२. मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७ र विपद प्रभावित निजी आवास प्रवलिकरण पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१ बमोजिम प्राप्त भएको लागत साझेदारीको भुक्तानी अनुदान रकम अनुमोदन गर्ने सम्बन्धमा।
३. नयाँ लाभग्राही कायम गर्ने सम्बन्धमा
४. "मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७" र "विपद प्रभावित निजी आवास प्रवलिकरण पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१" बमोजिम सम्झौता भइ MIS SYSTEM मा विवरण प्रविष्टि भएका लाभग्राहीहरुको पहिलो, दोस्रो र तेस्रो किस्ता माग गर्ने सम्बन्धमा।
५. मिति २०८३ असोज ८ गतेदेखि हालसम्म विपद्बाट क्षतिग्रस्त संरचनाको मर्मतसंभार र पुनर्निर्माणका लागि विभिन्न स्थानीय तहबाट माग भई आएका प्रकृया पुरा भएका कागजातलाई मर्मत संभार र पुर्ननिर्माणका लागि सम्बन्धित निकायमा लेखी पठाउने सम्बन्धमा।
६. जग्गा लिजमा परिणत गर्ने सम्बन्धमा।
७. विपद्को पूर्व तयारी तथा प्रतिकार्य सम्बन्धमा।
८. विविध।

**निर्णयहरु**

१. जिल्ला विपद व्यवस्थापन समितिको यस अघिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन अवस्था, विपदका घटना तथा त्यसबाट भएको क्षतिको अवस्था, मनसुनजन्य विपदको जोखिम र पुर्वतयारी लगायतका विषयमा छलफल तथा समीक्षा गरियो।

२. मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७ र विपद प्रभावित निजी आवास प्रवलिकरण पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१ बमोजिम प्राप्त भएको लागत साझेदारीको अनुदान रकम मिति २०८३/०३/०३ को पत्र बमोजिम भुक्तानी गरी तपसिलको खर्च अनुमोदन गरियो।

तपसिलः

| क्र.सं. | स्थानीय तह | पहिलो किस्ता पाउने | | दोस्रो किस्ता पाउने | | तेस्रो किस्ता पाउने | |
|---|---|---|---|---|---|---|---|
| | | लाभग्राहीको संख्या | जम्मा रकम | लाभग्राहीको संख्या | जम्मा रकम | लाभग्राहीको संख्या | जम्मा रकम |
| १ | रेसुङ्गा न.पा. | - | - | १७ | ३४००००० | ६ | ९००००० |
| २. | मालिका गा.पा. | - | - | ९ | १८००००० | - | - |
| ३. | मुसिकोट न.पा. | - | - | - | - | ४ | ९००००० |
| ४. | चन्द्रकोट गा.पा. | - | - | २ | ४००००० | - | - |
| | जम्मा | | | - | ५६००००० | - | १८००००० |
| | | | | | | | |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय गुल्मी

३. "मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७" र "विपद प्रभावित निजी आवास प्रवलीकरण पुन:निर्माण तथा पुन:स्थापना अनुदान कार्यविधि, २०८१" बमोजिम स्थानीय तहबाट लाभग्राही पहिचान भई आएका र NDRRMA MIS प्रणालीमा प्रविष्ट भएका व्यक्तिहरुको आवश्यक कागजात चेकजाँच गरी नयाँ लाभग्राही कायम गर्ने।

४. "मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७" र "विपद प्रभावित निजी आवास प्रवलिकरण पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१" बमोजिम सम्झौता भएका लाभग्राहीहरुको लागि सम्बन्धित स्थानीय तहले ENROLLMENT, FIRST INSPECTION र SECOND INSPECTION गरे पश्चात पहिलो, दोस्रो र तेस्रो किस्ता बापतको लागत साझेदारीको अनुदान रकम राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार काठमाण्डौमा माग गर्ने र रकम प्राप्त भएपश्चात आन्तरिक मामिला, कानून, उद्योग तथा यातायात मन्त्रालय लुम्बिनी प्रदेश सरकार समक्ष माग गर्ने।

५. मिति २०८३ असोज ८ गतेदेखि हालसम्मको विपद्बाट क्षतिग्रस्त पुल, पुलेसा, खानेपानी, सडक, विद्युत प्रसारण लगायतका संरचनाको मर्मत, संभार र पुनर्निर्माणका लागि सम्बन्धित निकायमा लेखी पठाउने। सम्बन्धित निकायको बजेट शिर्षकमा सो सम्बन्धी बजेट विनियोजन नभएको वा अपुग भएको भनी सो निकायबाट प्राविधिक परीक्षण सहितको प्रतिवेदन पेश भएमा सो सहितको सिफारिस सम्बन्धित प्रदेश/संघीय मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा लेखि पठाउने।

६. कफी अनुसन्धान कार्यक्रम, रुरुक्षेत्र गा.पा.-४, भण्डारीडाँडा, गुल्मीले रुरुक्षेत्र गा.पा. वडा नं. ४ मा रहेको जग्गाको कि.नं. ७१४, ८१४ र ७९४ को करिब १९५ रोपनी सरकारी जग्गा मध्ये सुकुम्बासी समस्या समाधान आयोगबाट वितरण भई बाँकि रहेको करिब ११२ रोपनी जग्गा मध्येबाट उल्लेखित कार्यक्रम/कार्यालयले १०० रोपनी सरकारी जग्गा भोगचलन गर्दै आएको र उक्त जग्गा विपद् व्यवस्थापनको लागि आवश्यक नपर्ने भएको हुँदा लिजमा परिणत गर्नको लागि मालपोत नियमावली २०३६ (नवौं संशोधन) २०८३ को नियम २३ झ ५(घ) बमोजिम भूमि प्रशासन कार्यालय, तम्घास, गुल्मीलाई सिफारिस गर्ने।

७. विपद जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्यलाई प्रभावकारी बनाउन देहाय बमोजिम गर्ने:

(क) विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्यमा प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा भूमिका रहेका निकाय तथा संस्थाहरुले संस्थागत क्रियाशीलता बढाई आवश्यक स्रोत साधन र जनशक्ति सहित तयारी अवस्थामा रहने।

(ख) राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, जल तथा मौसम विज्ञान विभाग लगायतका निकायबाट प्रवाह हुने मनसुन पूर्वानुमान, जोखिमको सम्भावना लगायतका विषयको सूचना, जानकारी तथा बुलेटिनहरु नियमित रुपमा स्थानीयस्तरमा प्रवाह गर्ने।

(ग) विपद् जोखिमको आंकलन गरी स्थानीय तहहरु एवं स्थानीय सुरक्षा ईकाईहरुमार्फत् जोखिमयुक्त वस्ती तथा क्षेत्रहरुमा तत्काल सूचना प्रवाह गरी सतर्कता गराउने, जोखिम बढ्दै गएमा जोखिममा परेका व्यक्तिहरुलाई नजिकको सुरक्षित आश्रयस्थलहरुमा स्थानान्तरण गर्ने।



प्रमुख जिल्ला अधिकारी

(घ) सडक मार्गहरुको जोखिम क्षेत्रहरुको निरन्तर अनुगमन गरी सम्बन्धित सडक कार्यालय/आयोजनाहरुले जोखिम न्यूनीकरण गर्ने र राजमार्ग तथा अन्य सडक मार्गहरुलाई चालु अवस्थामा राख्नका लागि सम्बन्धित सडक कार्यालय, आयोजना तथा स्थानीय तहहरुले आवश्यक मेसिनरी औजार तथा उपकरणहरु तयारी अवस्थामा राख्ने ।निजी क्षेत्रसँग रहेका मेसिनरी औजारहरुको समेत लगत संकलन गरी सम्पर्कमा राख्ने।

(ङ) विपद्को बेला सडक अवरुद्ध भई सवारी आवागमन बन्द भएको अवस्थामा अलपत्र परेका र जोखिममा रहेका यात्रुहरुलाई तत्काल नजिकका आश्रयस्थलहरुमा राख्ने व्यवस्था मिलाई सम्बन्धित स्थानीय तह, सुरक्षा निकाय, निजी क्षेत्र तथा गैरसरकारी क्षेत्रहरुको समन्वयमा उनीहरुको उचित व्यवस्थापन गर्ने।

(च) जिल्ला विपद् व्यवस्थापन कोषमा न्यूनतम मौज्दात रकम सुनिश्चित गर्ने तथा स्थानीय विपद् व्यवस्थापन कोषमा न्यूनतम रकम मौज्दात राख्न सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने।

८. विविध

(क) जिल्लामा बढ्दो विद्युतीय दुर्घटना न्यूनीकरण गर्न जिर्ण र दुर्घटना हुन सक्ने संरचना तत्काल पहिचान गरी सुधार गर्न नेपाल विद्युत प्राधिकरण गुल्मी वितरण केन्द्रलाई दुई महिना भित्रमा जोखिमका क्षेत्र पहिचान गरी सुधार कार्ययोजना तयार गरी सो अनुसार सुधार गर्न निर्देशन दिने।

(ख) जिल्लामा बढ्दो वनजंगलको कारणले समेत विद्युतीय दुर्घटना हुने तथा नियमित विद्युत आपूर्तिमा समेत असर गर्ने गरेकोले ने.वि.प्रा.गुल्मी वितरण केन्द्र गुल्मीले सम्बन्धित स्थानीय तह र डिभिजन वन कार्यालयसँग समन्वय र सहकार्य गरी रुख तथा हाँगा विगा कटान गर्ने व्यवस्था निरन्तर मिलाउने। यसका लागि आवश्यक सहयोग एवं सहजीकरण गर्न जिल्लास्थित स्थानीय तह र सुरक्षा निकायलाई समेत अनुरोध गर्ने।

(ग) रुरुक्षेत्र गाउँपालिका रिडीको तीनमुखे पुल नजिक रहेको ग्रेगान निकाल्नका लागि पाल्पा जिल्लासँग समन्वय गरी प्राविधिक परीक्षण (EI) गराई निकाल्ने अनुमती दिने।

प्रमुख जिल्ला अधिकारी
२०८३।०६।१८